लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८३/०८४

प्रेस विज्ञप्ति नं. : ५६९

मिति: २०८३।०६।२७ गते

ने.सं. ११४६

प्रेस विज्ञप्ति

हवाई फायर गरि लागु औषध खैरो हेरोईन ३०० ग्राम सहित १ जना पक्राउ।

भारतबाट बिरगंजको रक्सौल नाका हुँदै काठमाडौं उपत्यकामा लागु औषध सप्लाई गर्ने गिरोहको पहिचान गरि निग्रानी गर्ने क्रममा मिति २०८३।०६।२७ गते लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले जिल्ला काठमाडौं तार्केश्वर न.पा. वडा नं. ४ स्थितमा शंकास्पद अवस्थामा फेला परेका ब्यक्तिलाई रोकी चेकजाँच गर्न खोज्दा निजले प्रहरी उपर आक्रमण गरी भाग्दै गर्दा चेतावनी स्वरुप २ राउण्ड हवाई फायर गरि नियन्त्रणमा लिई नियन्त्रण पश्चात एकिन नामथर ठेगाना खुलेका जिल्ला पर्सा वीरगन्ज महनगरपालिकाका वडा नं. ३१ ठेगाना भएका वर्ष ४१ को बासुर्दिन मियाँलाई निम्न परिमाणको लागु औषध सहित पक्राउ गरि थप अनुसन्धान भई रहेको।

बरामद सामानहरुको विवरण:-

१. लागु औषध खैरो हेरोईन ३०० ग्राम

२. मोबाईल थान १

नोट:-

- **निज बासुर्दिन मियाँले बिगत ३ महिना देखि २०० ग्रामका दरले ५/६ पटक सम्म उपत्यकामा लागु औषध खैरो हेरोईन सप्लाई गरि सकेको अनुसन्धानको क्रममा खुल्न आएको।**
- **लागु औषध (नियन्त्रण) ऐन २०३३ मा भएको सजाय सम्बन्धी प्रावधान अनुसार बरामद लागु औषध खैरो हेरोईन ३०० ग्राम उपर १५ बर्ष देखि जन्म कैद र ५ लाख देखि २५ लाख सम्म जरिवाना हुने कानूनी प्रवधान रहेको ब्यहोरा समेत सुचित गरिन्छ।**

सह-प्रवक्ता

(जिवन निरौला)

प्रहरी नायव उपरीक्षक

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]

इमेल: [ncb@nepalpolice.gov.np]